# ‘कान्तिपुर’ पत्रिकाका भाषिक त्रुटिहरू

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,नेपाली केन्द्रीय
विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (नेपा ५१०) को
आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**प्रस्तुत कर्ता**

उर्मिला ढकाल

त्रि.वि. दर्ता नं.: ९-१-२१४-३०९-२००२

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर


२०७२

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि शोध कर्ता उर्मिला ढकालले **'कान्तिपुर' पत्रिकाका भाषिक त्रुटिहरू** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्णतः सन्तुष्ट छु । साथै समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागको मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२ साउन २९

.................

**शोध निर्देशक**

सहप्राध्यापक भरतकुमार भट्टराई

नेपाली केन्द्रीय विभाग

त्रि. वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा उर्मिला ढकालद्वारा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको **'कान्तिपुर' पत्रिकाका भाषिक त्रुटिहरू** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. डा. देवीप्रसाद गौतम<br>**विभागीय प्रमुख** | ............................ |
| सहप्रा. भरतकुमार भट्टराई<br>**शोध निर्देशक** | ............................ |
| प्रा.डा. पारसमणि भण्डारी<br>**बाह्य परीक्षक** | ............................ |

मितिः २०७२ साउन २९

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (नेपा. ५१०) को पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । शोध कार्य आफैमा जटिल कार्य भएकाले अरुको सहयोग विना यस्तो कार्य असम्भवप्राय नै हुन्छ । यस्तो दुरुह कार्य सम्भव तुल्याउनका लागि कुशल निर्देशनद्वारा सहयोग गर्नु हुने शोध निर्देशक श्रद्धेय गुरु श्री भरतकुमार भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी अनुसन्धान कार्य गर्ने अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, विभाग प्रमुख प्रा.डा. देवीप्रसाद गौतम र शोधपत्र लेखनका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने आदरणीय गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आफ्ना दुःखलाई मेरा सफलतामा साट्ने मेरा परिवारजनप्रति सदैव कृतज्ञ छु । प्रस्तुत शोधपत्रलाई पूर्णता दिन निरन्तर उत्प्रेरणा प्रदान गर्नुका साथै आवश्यक सहयोग गर्नुहुने मेरा श्रीमान् ताराप्रसाद न्यौपाने र मित्र सन्तोषी श्रेष्ठप्रति आभारी छु ।

शोधकार्यका लागि आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका एवम् शोधपत्रहरू उपलब्ध गराएर सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, नेपाली भाषा शिक्षा विभाग र नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको पुस्तकालयका कर्मचारीहरू र कान्तिपुर पब्लिकेसनलाई पनि धन्यवाद दिन्छु ।

अन्तमा यस शोधपत्रका सकारात्मक पक्षहरू मेरा गुरुवर्गबाट प्राप्त ज्ञान र प्रेरणाका उपज हुन् र यसमा भएका त्रुटि तथा कमजोरीहरू मेरो ज्ञानको अपर्याप्तताका परिणाम हुन् भन्ने कुरा स्वीकार गर्दै यस शोधकार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गुरुवर्ग, मित्रजन र शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मितिः २०७२ साउन २९

**शोध कर्ता**

उर्मिला ढकाल

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# शोधसार

प्रस्तुत शोधपत्रको शीर्षक ***'कान्तिपुर' पत्रिकाका भाषिक त्रुटिहरू*** रहेको छ । त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको प्रस्तुत शोधपत्रमा 'कान्तिपुर' पत्रिकामा रहेका वर्णविन्यास र वाक्यगठनसम्बद्ध त्रुटिहरूलाई विवेच्य विषय बनाई निम्न समस्या, उद्देश्य र विधिका आधारमा निष्कर्षमा पुगिएको छ :

## समस्या कथन

प्रस्तुत शोधपत्र 'कान्तिपुर' दैनिक पत्रिकामा रहेका भाषिक त्रुटिहरूको पहिचान, व्याख्या, विश्लेषण गर्ने मूलभूत शोध्य समस्यामा केन्द्रित रहेको छ । उक्त प्रमुख समस्यालाई निम्नानुसारका शोध प्रश्नहरूबाट थप स्पष्ट पारिएको छ :

(क) 'कान्तिपुर' पत्रिकामा के कस्ता वर्णविन्यासगत त्रुटिहरू रहेका छन् ?

(ख) 'कान्तिपुर' पत्रिकामा के कस्ता वाक्यगठनगत त्रुटिहरू रहेका छन् ?

(ग) उक्त त्रुटिहरूको निराकरण कसरी गर्न सकिन्छ ?

## शोधका उद्देश्यहरू

प्रस्तुत शोधपत्रमा उपर्युल्लिखित मूल शोध्य समस्याको वस्तुगत, प्रामाणिक र प्राज्ञिक समाधान पहिल्याउने उद्देश्य लिइएको छ । ती उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) 'कान्तिपुर' पत्रिकामा रहेका वर्णविन्यासगत त्रुटिहरूको पहिचान गर्नु ,

(ख) 'कान्तिपुर' पत्रिकामा रहेका वाक्यगठनगत त्रुटिहरू पहिल्याउनु र

(ग) उक्त त्रुटिहरूको निराकरणका लागि उपयुक्त उपायहरू सुझाउनु ।

## शोध विधि

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा प्रमुख सामग्रीका रूपमा 'कान्तिपुर' पत्रिका रहेको छ । यादृच्छिक नमुना छनोट विधिका आधारमा २०७१ सालको माघ महिनाभरिका ३० वटा अङ्क (वर्ष २२ का अङ्क २९५ देखि ३२४ सम्म) मा रहेका मुख्य समाचारका ६४ वटा, सम्पादकीयका शनिबार बाहेकका २६ वटा, विश्लेषणात्मक लेखका ५६ वटा, कलासाहित्यकेन्द्री समाचारका ५५ वटा, व्यावसायिक समाचारका ६१ वटा र खेलकुद समाचारका ६० वटा गरी जम्मा ३२२ वटा शीर्षकहरूलाई अध्ययनका लागि लिइएको छ । तिनको विश्लेषणका लागि उपयोग गरिएको सैद्धान्तिक पर्याधारका रूपमा रहेको त्रुटिविश्लेषण सिद्धान्तसम्बद्ध सामग्रीहरू, अन्य पत्रपत्रिकाका साथै उल्लिखित पत्रिकाका

भाषाको अध्ययन विश्लेषण गरिएका पुस्तक, लेख, शोधग्रन्थ आदि सहायक सामग्रीका रूपमा रहेका छन् । यसका अतिरिक्त प्रस्तुत शोधकार्यसँग सम्बन्धित अन्य आवश्यक जानकारीहरूका लागि सम्बन्धित विषयका विज्ञहरूको सहयोग पनि लिइएको छ । सामग्री सङ्कलन गर्दा मूलभूत रूपमा पुस्तकालयीय अध्ययन कार्यलाई नै आधार बनाइएको छ ।

**(ख) अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण विधि**

प्रस्तुत शोधपत्रका निम्ति सङ्कलित सामग्रीहरूको विश्लेषण त्रुटिविश्लेषण सिद्धान्तका आधारमा गरिएको छ । 'कान्तिपुर' पत्रिकामा प्रयुक्त भाषामा रहेका वर्णविन्यासगत तथा वाक्यगठनगत त्रुटिसँग सम्बन्धित समस्याको निराकरणका लागि सङ्कलित सामग्रीहरूको विस्तृत, गहन एवम् सूक्ष्म पठन तथा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ । यस शोधपत्रमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तको प्रयोगद्वारा सङ्कलित सामग्रीको वर्गीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ । वर्णविन्याससम्बन्धी त्रुटिहरूको विश्लेषण गर्दा वर्णविन्यासका स्थापित नियम र मानकहरूलाई र वाक्यगठन अन्तर्गत वचनगत, लिङ्गगत, पुरुषगत, काल र पक्षगत र वाच्यगत सङ्गति र वाक्यगठनमा प्रभाव पार्ने अन्य पक्षहरू विभक्तिको प्रयोग, शब्द प्रयोग, पदस्थानगत, पुनरुक्तिगत र पदपदावली लोपगत पक्षहरूलाई आधार बनाइएको छ ।

## निष्कर्ष

क)'कान्तिपुर' दैनिक पत्रिकामा पाइएका वर्णविन्यासगत त्रुटिहरूको अध्ययन गर्दा ह्रस्व/दीर्घसम्बन्धी त्रुटिहरू, हलन्त/अजन्तसम्बन्धी त्रुटिहरू, 'ब' र 'व'को लेखनमा हुने त्रुटिहरू, 'श', 'ष' र 'स' को लेखनमा हुने त्रुटिहरू, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग, पदयोग/पदवियोगसम्बन्धी त्रुटि र अन्य केही त्रुटिहरू रहेका छन् । सबैभन्दा बढी त्रुटि पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्) सम्बन्धी र सबैभन्दा कम ह्रस्वसम्बन्धी भएको छ । ती त्रुटिहरूमध्ये ह्रस्व र दीर्घसम्बन्धी त्रुटिहरूको विश्लेषण गर्दा दीर्घसम्बन्धी त्रुटिका तुलनामा ह्रस्वसम्बन्धी त्रुटिहरू कम रहेका छन् । ह्रस्वसम्बन्धी त्रुटि भएका सबै शब्दहरूमा ह्रस्व इ लेखिनुपर्नेमा दीर्घ ई लेखिएका छन् । दीर्घसम्बन्धी त्रुटि भएका शब्दहरूमध्ये इ/ईका तुलनामा उ/ऊ को प्रयोगमा बढी त्रुटि भएको छ । हलन्त र अजन्त लेखनका क्रममा अजन्तका तुलनामा हलन्तसम्बन्धी त्रुटिहरू बढी छन् । 'ब' र 'व' सम्बन्धी त्रुटिका सन्दर्भमा 'ब' का ठाउँमा 'व' र 'व' का ठाउँमा 'ब' लेखिएको छ । यस्तो त्रुटिका क्रममा 'व' का ठाउँमा 'ब' लेखिएका शब्दको सङ्ख्या बढी रहेको छ । त्यस्तै 'श', 'ष' र 'स' को प्रयोगमा भएका त्रुटिहरूको अध्ययन गर्दा सबैभन्दा बढी त्रुटि 'स' को प्रयोगमा भएको छ भने 'श' र 'ष' को प्रयोगमा क्रमशः कम हुँदै गएको

छ । केही शब्दहरूमा चन्द्रविन्दु आवश्यक भए पनि प्रयोग नगरिएको, केही शब्दमा अनावश्यक रूपमा प्रयोग गरिएको र केही शब्दमा चाहिँ चन्द्रविन्दुको ठाउँमा शिरविन्दुको प्रयोग गरिएको छ । कुनै शब्दमा शिरविन्दु आवश्यक भए पनि नदिइएको, अनावश्यक स्थानमा पनि दिइएको र पञ्चम वर्णहरूको प्रयोग गर्नुपर्ने शब्दमा शिरविन्दु ( ं ) को प्रयोग गरिएकाले त्रुटि भएका छन् । तीमध्ये पनि दुई वटा शब्दमा मात्र ञ् को प्रयोग गर्नुपर्नेमा न् को प्रयोग गरिएको छ भने बाँकी १८९ वटा शब्दमा 'ङ्' को प्रयोगमा त्रुटि भएका छन् । त्यसैगरी पदयोग र पदवियोगसम्बन्धी त्रुटिमध्ये पदयोगसम्बन्धी त्रुटिहरू पदवियोगसम्बन्धी त्रुटिका तुलनामा बढी मात्रामा रहेका छन् । यो पञ्चम वर्ण पछि बढी त्रुटि भएको क्षेत्र हो ।

ख) वाक्यगठनसम्बन्धी त्रुटिको अध्ययनका क्रममा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष र वाच्यगत सङ्गतिलाई आधार बनाइएको छ । यस आधारमा सबैभन्दा बढी वचनगत त्रुटिहरु भएका छन् भने पुरुषगत र लिङ्गगत त्रुटिहरु क्रमशः कमभएका छन् । त्यसैगरी आदर, काल र पक्ष तथा वाच्यगत त्रुटिहरूको सङ्ख्या बराबर छ । वचनगत त्रुटिहरू कर्ता र क्रिया, विशेषण र विशेष्यका बीचमा सङ्गति नमिल्नाले भएका छन् । पुरुषगत त्रुटिहरू कर्ता र क्रियापदको प्रयोगमा असङ्गतिका कारण भएका छन् । लिङ्गगत त्रुटिका क्रममा कर्ता र क्रिया एवम् भेद्य र भेदकको असङ्गत प्रयोग गरिएको छ र सबै त्रुटिहरू स्त्रीलिङ्गको प्रयोगसँग मात्र सम्बन्धित छन् । आदरगत त्रुटिका क्रममा सर्वनामको प्रयोगमा र विशेषण विशेष्यको प्रयोगमा त्रुटि भएको छ भने काल र पक्षगत त्रुटिमा वर्तमान कालका क्रियापदका ठाउँमा भूतकालको क्रियापद र भूतकालका ठाउँमा वर्तमान कालको क्रियापदको प्रयोग गरिनुका साथै भूतकाल र वर्तमान कालका क्रियापद एउटै वाक्यमा प्रयोग गरिएको छ । वाच्यगत त्रुटि भएका वाक्यहरूमा कर्तासँग 'ले' विभक्तिको प्रयोग भए पनि क्रियापदमा धातुमा 'इ' थपी कर्मवाच्यका क्रियापद बनाइएको छ । यिनका अतिरिक्त वाक्यगठनगत त्रुटिमा विभक्तिको प्रयोगमा, शब्द प्रयोगमा, शब्दको स्थानक्रममा त्रुटि हुनुका साथै पुनरुक्तिगत र पदपदावली लोपगत त्रुटि पनि भएको छ । विभक्ति प्रयोगका क्रममा प्रथमा विभक्ति, द्वितीया विभक्ति, षष्ठी विभक्ति र सप्तमी विभक्तिको प्रयोगमा त्रुटि रहेको छ । शब्दप्रयोगगत त्रुटिअन्तर्गत शब्दको छनोटमा भएका त्रुटि र अङ्ग्रेजी शब्दको प्रयोगका कारण भएका त्रुटिहरू रहेका छन् । पुनरुक्तिगत त्रुटिहरू, पदस्थानगत त्रुटिहरू र पदपदावली लोपगत त्रुटिहरू पनि विश्लेषित पत्रिकामा निकै रहेका छन् ।

# विषयसूची


| विषय विवरण | पृष्ठ सङ्ख्या |
|---|---|
| अध्याय एक | |
| **शोध परिचय** | **१ - ७** |
| १.१. विषय परिचय | १ |
| १.२. समस्या कथन | २ |
| १.३. शोधका उद्देश्यहरू | २ |
| १.४.पूर्वकार्यको समीक्षा | २ |
| १.५. अध्ययनको औचित्य | ५ |
| १.६. अध्ययनको सीमा | ६ |
| १.७.शोध विधि | ६ |
| १.७.१. सामग्री सङ्कलन विधि | ६ |
| १.७.२. अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण विधि | ७ |
| १.८. शोधपत्रको रूपरेखा | ७ |
| अध्याय दुई | |
| **त्रुटिविश्लेषणको सैद्धान्तिक स्वरूप** | **८ - १६** |
| २.१ त्रुटिविश्लेषणको परिचय र परिभाषा | ८ |
| २.२.त्रुटिविश्लेषणका उद्देश्यहरू | ९ |
| २.३. त्रुटिविश्लेषणको महत्व | ९ |
| २.४ त्रुटिका स्रोत र कारक तत्व | १० |
| २.५. त्रुटिको वर्गीकरण | ११ |
| २.५.१. विकासशीलताका आधारमा | ११ |
| २.५.२ स्रोतका आधारमा | १२ |
| २.५.३. भाषाकोटिका आधारमा | १२ |
| २.५.४. गम्भीरताका आधारमा | १३ |
| २.५.५.व्यापकताको आधार | १३ |

२.५.६. स्वरूपका आधारमा १४
२.५.७. औचित्यका आधारमा १४
२.६. त्रुटिविश्लेषण प्रक्रिया १४
२.६.१. पहिचान १४
२.६.२. वर्गीकरण १५
२.६.३. व्याख्या/वर्णन वा विश्लेषण १५
२.६.४. निराकरण १५
२.७. त्रुटिविश्लेषण पद्धति १५
२.७.१. पूर्वनिर्धारित पद्धति १५
२.७.२. पश्चनिर्धारित पद्धति १६
२.८. सारांश १६

**अध्याय तीन**
**'कान्तिपुर' पत्रिकामा पाइएका वर्णविन्यासगत त्रुटिहरू १७ - ५१**
३.१ परिचय १७
३.२. ह्रस्वसम्बन्धी त्रुटिहरू १७
३.३. दीर्घसम्बन्धी त्रुटिहरू १८
३.४. हलन्त/ अजन्तसम्बन्धी त्रुटिहरू २१
३.५. 'ब' र 'व' सम्बन्धी त्रुटिहरू २४
३.६. 'श', 'ष' र 'स' सम्बन्धी त्रुटिहरू २६
३.७. चन्द्रविन्दु सम्बन्धी त्रुटिहरू २८
३.८. पञ्चम वर्ण/शिरविन्दुसम्बन्धी त्रुटिहरू ३१
३.९. पदयोगसम्बन्धी त्रुटिहरू ४४
३.१०. पदवियोगसम्बन्धी त्रुटिहरू ४९
३.११. अन्य त्रुटिहरू ५०
३.१२. सारांश ५१

**अध्याय चार**
**'कान्तिपुर' पत्रिकामा पाइएका वाक्यगठनगत त्रुटिहरू ५३ - ८०**
४.१. परिचय ५३

४.२. लिङ्गगत त्रुटिहरू ५३
४.३. वचनगत त्रुटिहरू ५५
४.४. पुरुषगत त्रुटिहरू ५७
४.५. आदरगत त्रुटि ५८
४.६. काल र पक्षगत त्रुटिहरू ६०
४.७. वाच्यगत त्रुटिहरू ६१
४.८. विभक्तिको प्रयोगमा त्रुटि ६२
४.८.१. *ले* को प्रयोगमा भएका त्रुटिहरू ६२
४.८.२. *बाट* को प्रयोगमा भएका त्रुटिहरू ६३
४.८.३. *लाई* को प्रयोगमा भएका त्रुटिहरू ६३
४.८.४. *को/का* को प्रयोगमा भएका त्रुटिहरू ६४
४.८.५. *मा* को प्रयोगमा भएका त्रुटिहरू ६५
४.९. पुनरुक्तिगत त्रुटिहरू ६६
४.१०. पदस्थानगत त्रुटिहरू ६७
४.११. शब्दप्रयोगगत त्रुटि ६९
४.११.१. शब्द छनोटमा भएका त्रुटिहरू ६९
४.११.२. अङ्ग्रेजी शब्दको प्रयोग ७५
४.१२. पदपदावली लोपगत त्रुटिहरू ७६
४.१३. सारांश ७८

**अध्याय पाँच**

**त्रुटि निराकरणका उपायहरू ८१ - ८४**

**अध्याय छ**

**निष्कर्ष ८५ - ८७**

६.१. निष्कर्ष ८५
६.२. सम्भावित शोध शीर्षकहरू ८७

**सन्दर्भ सामग्री सूची ८८ - ८९**

**परिशिष्ट**

# संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| अ. | अङ्क |
| आ. | आवृत्ति |
| क.सा.स. | कलासाहित्यकेन्द्री समाचार |
| खे.स. | खेल समाचार |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि. | निर्देशक |
| प्रा. | प्राध्यापक |
| प्रा. लि. | प्राइभेट लिमिटेड |
| मु.स. | मुख्य समाचार |
| वि.ले. | विश्लेषणात्मक लेख |
| व्या.स. | व्यावसायिक समाचार |
| शी. | शीर्षक |
| संस्क. | संस्करण |
| सम्पा | सम्पादक/सम्पादकीय |